# आर्थिक बर्ष २०७५/०७६ को

# आर्थिक ऐन

## इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर

## प्रस्तोता


## राजुमान महर्जन

सदस्य, राजस्व परामर्श समिति

**प्रस्तावनाः** ईन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ईन्द्रसरोवर गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

२. यो ऐन २०७५ साल श्रावण १ गतेदेखि ईन्द्रसरोवर गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

३. **एकीकृत सम्पति करः** एकिकृत सम्पत्ति करलाई आधुनिक कर प्रणालीमा दिगो र वैज्ञानिक स्रोतको रुपमा मानिने हुँदा यस करका सम्बन्धमा आवश्यक दर, दायरा तथा क्षेत्रहरुको विस्तृत अध्ययन,मुल्यांकन गरी गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिमको एकिकृत सम्पत्ति कर आ.व. २०७५/७६ को श्रावण १ बाट लागु गरिनेछ ।

४. **घर वहाल करः** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ र समय समयमा घरवहाल कर सम्बन्धी व्यवस्थाको अध्ययन गर्दै थप पारदर्शी तथा व्यवस्थित गरिंदै लगिनेछ ।

५. **व्यवसाय करः** (१) ईन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (३) बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

(२) ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका वा गाउँपालिका भित्रको स्रोतमा निर्भर रहँदै आएका निजी उद्योगहरुले गाउँपालिका भित्रको जग्गा-जमीन, पानी वा भौतिक, सार्वजनिक सामान, सम्पत्ति उपयोग गरी व्यवसाय गरेमा अनुसुचि (३) बमोजिमको व्यवसाय कर असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र कृषि तथा पशुपन्छीजन्य ब्यबसायमा करः** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरिएको वाहेक ऊन, खोटो, जडिबुटी, वनकस तथा कवाडी माल बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ साथै कृषि तथा पशुपन्छी जन्य ब्यबसायमा अनुसूचि (३) को दफा ६.३ बमोजिमको कर लगाइनेछ ।

७. **सवारी साधन करः** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र, गाउँपालिकाले लगाउन सक्ने सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन दर्ता तथा नवीकरण कर लागाइनेछ ।

८. **विज्ञापन करः** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको घर, जग्गा, भवन वा सार्वजनिक स्थानमा व्यवसायिक प्रयोजनले कुनै विज्ञापन, साइनवोर्ड राख्नेलाई अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसल/टहरा छाप्रा आदिमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** ईन्द्रसरोवर गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर,

न्याफ्टीङ्गसेवा, साइक्लिङ्ग वा व्यवसाय संचालनको सम्भाव्यता अध्ययन तथा पहिचान गरी सोका लागि आवश्यक पूर्वाधारको विकास गर्दै त्यस्ता व्यवसाय संचालन तथा सेवा उपयोगबाट प्राप्त हुन सक्ने राजश्वको पहिचान गरी लागु गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** ईन्द्रसरोवर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनशुल्कः** ईन्द्रसरोवर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सम्भावित पर्यटकीय क्षेत्रहरुको पहिचान गरी प्राथमिकताका आवश्य पूर्वाधारहरुको बिकास गर्दै आन्तरिक आम्दानीको महत्वपूर्ण स्रोतको रुपमा बिस्तार गर्दै लगिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **वातावारिणय प्रदुषण तथा वातावरण संरक्षण कर:** इन्द्रसरोवर गाउँ पालिकाले , गाउँ पालिका क्षेत्र भित्र भौतिक वातवरणीय तथा पर्यावरणीय क्षति वापतको क्षतिपुर्ति तथा वातावरण संरक्षणएबं सुधारको लागि अनुसूची (११) बमोजिमको कर लगाइनेछ|

१५. **सडक मर्मत सम्भार शुल्क:** इन्द्रसरोवर गाउँ पालिकाले , गाउँ पालिका क्षेत्र भित्रको कुलेखानी –फाखेल – हुमाने सडक खण्डमा गुड्ने दुई पांग्रे सवारी साधन बाहेकका अन्य सवारी साधनमा मा अनुसूची (१२) बमोजिमको सडक मर्मत सम्भार शुल्क लगाइनेछ |

१६. **ईजाजत तथा नवीकरण शुल्क :** ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र, गाउँपालिकाले विभिन्न बस्तु तथा सेवा उत्पादन तथा प्रयोग वापत अनुसूची (१३) बमोजिम को इजाजत तथा नवीकरण शुल्क लगाउनेछ |

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **जरिवाना शुल्क:–** (१) ईन्द्रसरोवर गाउँपालिकाले कानून बमोजिम लगाएको करहरु समयमै नबुझाएमा यस ऐन बमोजिम अन्यत्र तोकिएकोमा सोही बमोजिम र नतोकिएमा एक, दुई, तीन, चार र पाच वर्ष म्याद नाघेमा क्रमशः १० प्रतिशत, २० प्रतिशत, ३० प्रतिशत, ४० प्रतिशत, १०० प्रतिशत को दरले थप जरिवाना असुल गरिने छ ।

(२) ईन्द्रसरोवर गाउँपालिकाबाट दर्ता हुनुपर्ने वा भएका भएका फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य समयमै नविकरण नगरे अनुसूची (१०) बमोजिम जरिवाना असुल गरिने छ ।

(३) व्यवसायिक प्रयोजनले ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका वा गाउँपालिका क्षेत्रभित्रको स्रोतमा निर्भर भई अन्यत्र संचालित कुनै व्यक्ति वा संस्था वा उद्योगले हेभी मेशीन ( एक्साभेटर डोजर आदि) प्रयोग गरी वनजङ्गगल वा जमीन वा खोलामा खाल्टो खन्ने, खोतल्ने, उत्खनन गर्ने जस्ता कार्य गरी सार्वजनिक वा ब्यक्तिगत सम्पत्तिलाई हानी नोक्सानी हुने कार्य गरेको पाईएमा सो बाट स्थानीय नागरिकहरुको जनजीवनमा हुनजाने सम्भावित भौतिक, वातावरणीय तथा पर्यावरणीय क्षति बापतको क्षतिपूर्ति तथा वातवरण संरक्षण एवं सुधारको लागि त्यस्ता व्यक्ति वा संस्था वा उद्योगबाट अनुसूचि (११) बमोजिम जरिवाना असुल उपर गरिनेछ ।

१९. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

२०. **बाधा अड्काउ फुकाऊ:** यो ऐनले नसमेटका कर तथा शुल्कहरु प्रचलित कानूनको परिधि भित्र रही गाउँकार्यपालिकाबाट निर्णय भए बमोजिम हुनेछ । त्यसरी भएको निर्णय छ महिना भित्र गाउँसभाबाट अनुमोदन नभएमा स्वतः निष्क्रिय हुनेछ ।